प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय, इलाम

कोशी प्रदेश, इलाम, नेपाल

प.सं.: २०८२/०८३ मिति : २०८२/१२/०८

च.नं.:

## सूचना ! सूचना !! सूचना !!!

प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/१२/०८ (इलाम पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित)

यस कार्यालयको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार जडिबुटी विकास कार्यक्रम (संघ) तर्फ तपसिलका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने भएको हुँदा यस जिल्ला भित्र रहेका इच्छुक सामुदायिक वन, निजी वन, जडिबुटी विकास तथा खेती विस्तारमा उद्यमी, किसान तथा समूहहरुले यो सूचना प्रकाशन भएको मितिले (१५) पन्ध्रदिन भित्र यस कार्यालयले तोकेको ढाँचामाप्रत्येक कार्यक्रमको छुट्टाछुट्टै प्रस्ताव तयार गरी खामबन्दी रुपमा यस कार्यालयमा प्रस्ताव पेश गर्ने सम्बन्धि यो विस्तृत सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि.नं. | क्रियाकलापको नाम | परिमाण | बजेट रु. लाखमा | छनौट भएका पकेट क्षेत्रहरु | संचालन गर्न सकिने क्रियाकलापहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | पकेट क्षेत्रमा जडिबुटी संरक्षण | १ पटक | ५.०० | इलाम न.पा., देउमाई न.पा., माईजोगमाई गा.पा., सन्दकपुर गा.पा. र फाकफोकथुम गा.पा. | **वन समुहको लागि**<br>– जडिबुटी रहेका क्षेत्रहरुको तारवार<br>– पुनरुत्पादन संरक्षण<br>– गोडमेल<br>– झाडी सफाई<br>– नयाँ विरुवा रोपण<br>– जडिबुटी Hotspot संरक्षण<br>**निजी कृषक, समुहको लागि**<br>– निजी जग्गामा जडिबुटी खेतीका लागि विरुवा रोपण | बढीमा ४ वटा प्रस्तावहरु छनौट गरिनेछ । कम्तीमा १०% लागत साझेदारी हुनुपर्ने । |
| २. | प्राकृतिक जडिबुटी संरक्षण तथा खेती विस्तार | ३ पटक | ३.०० | इलाम न.पा., देउमाई न.पा., माईजोगमाई गा.पा., सन्दकपुर गा.पा. र फाकफोकथुम गा.पा. | **वन समुहको लागि**<br>– जडिबुटी रहेका क्षेत्रहरुको घेराबारा/तारवार<br>– पुनरुत्पादन संरक्षण<br>– गोडमेल<br>– झाडी सफाई<br>– नयाँ विरुवा रोपण<br>**निजी कृषक, समुहको लागि**<br>– निजी जग्गामा जडिबुटी विरुवा रोपण तथा खेती विस्तार | बढीमा ३ वटा प्रस्तावहरु छनौट गरिनेछ । कम्तीमा १०% लागत साझेदारी हुनुपर्ने । |

क्रमशः

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय, इलाम
कोशी प्रदेश, इलाम, नेपाल

१. कार्यक्रम सञ्चालन हुने स्थान तथा प्रजातिहरुः

- सन्दकपुर गाउँपालिका – चिराईतो, सिल्टिमुर, लोक्ता/अर्गेली, लौठ सल्ला, धसिङ्ग्रे, सतुवा, बोकेटिमुर, चुत्रो ।
- माईजोगमाई गाउँपालिका – चिराईतो, सिल्टिमुर, लोक्ता/अर्गेली, लौठ सल्ला, धुपी (तेल निकाल्ने), धसिङग्रे, रोजमेरी, बोकेटिमुर, चुत्रो ।
- देउमाई नगरपालिका – चिराईतो, सिल्टिमुर, लोक्ता/अर्गेली, लौठ सल्ला, धसिङ्ग्रे, सतुवा, बोकेटिमुर, हर्रो, बर्रो, अमला ।
- इलाम नगरपालिका – चिराईतो, सिल्टिमुर, लोक्ता/अर्गेली, लौठ सल्ला, धसिङ्ग्रे, बोकेटिमुर, चुत्रो, तेजपात, हर्रो, बर्रो, अमला ।
- फाकफोकथुम गाउँपालिका – चिराईतो, सिलटिमुर, लोक्ता/अर्गेली, धसिङ्ग्रे, बोकेटिमुर, चुत्रो, हर्रो, बर्रो, अमला

२. प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु

क. सामुदायिक वन समूहको लागिः

- समूहको कार्यसञ्चालन तथा अनुदानको लागि निर्णय प्रतिलिपि ।
- PAN मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।
- गत आ.व. २०८१/०८२ को लेखा परिक्षण प्रतिवेदन (Audit report) ।
- वार्षिक कार्यक्रम स्वीकृत भएको भए सो समेत ।
- कार्यक्रम कार्यान्वयन हुने स्थलको स्वामित्व देखिने कागजात (वन कार्ययोजनाको नक्शा)।
- प्राकृतिक जडिबुटी देखिने रंगिन तस्विर ।
- क्रियाकलापहरुको लागत अनुमान ।
- लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र (कम्तिमा १० प्रतिशत) ।
- समान प्रकृतिका अनुदान नलिएको स्वघोषणा पत्र ।
- वन कार्ययोजनाको म्याद भएको देखिने प्रमाण ।
- सम्बन्धित स.डि.व.का.को सिफारिस पत्र ।

ख. निजी जग्गा धनी/निजी वन धनीकृषक/को लागिः

- नेपाली नागरिकताको प्रतिलिपि ।
- जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि/निजी वन दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
- चालु आ.व. २०८२/०८३ मा जग्गाको तिरो तिरेको रसिदको प्रतिलिपि ।
- जग्गाको नापी नक्शा ।
- वैदेशिक रोजगारीबाट फर्किएको युवा भए सो खुल्ने प्रमाण ।
- कार्यक्रम सञ्चालनको लागि तोकिएको ढाँचा बमोजिम प्रस्ताव ।
- लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र (कम्तिमा १० प्रतिशत) ।
- समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा पत्र ।
- उक्त जग्गा देखिने रंगिन तस्विर ।
- संचालन गरिने क्रियाकलापहरुको लागत अनुमान ।
- सम्बन्धीत स्थानीय तहको सिफरिस पत्र ।
- सम्बन्धित स.डि.व.का.को सिफारिस पत्र ।

क्रमशः

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय, इलाम
कोशी प्रदेश, इलाम, नेपाल

ग. संघसंस्थाकम्पनीहरुको लागिः /फर्म /

- संघसंस्था/फर्म/कम्पनीको कार्यसञ्चालन तथा अनुदानको लागि निर्णय प्रतिलिपि ।
- PAN वा VAT मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।
- गत आ.व. २०८१/०८२ को कर चुक्ता/लेखा परिक्षण प्रतिवेदन (Audit report) ।
- कार्यक्रम कार्यान्वयन हुने स्थलको स्वामित्व देखिने कागजात (जग्गाधनी प्रमाणपुर्जा प्रतिलिपि) ।
- जग्गाको नापी नक्शा ।
- चालु आ.व. २०८२/०८३ मा जग्गाको तिरो तिरेको रसिदको प्रतिलिपि ।
- जग्गा लिजमा लिएको भए कम्तीमा १०(दश) वर्षे करारनामा वा सम्झौता पत्र ।
- प्रचलित कानून बमोजिम आधिकारिक निकायमा संघसंस्था/फर्म/कम्पनी दर्ता एवं नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि ।
- लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र (कम्तिमा १० प्रतिशत) ।
- समान प्रकृतिका अनुदान नलिएको स्वघोषणा पत्र ।
- उक्त जग्गा देखिने रंगिन तस्विर ।
- संचालन गरिने क्रियाकलापहरुको लागत अनुमान ।
- स्थानीय तहको सिफारिस ।
- सम्बन्धित स.डि.व.का.को सिफारिस पत्र ।

३. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार डिभिजन वन कार्यालय, इलाममा निहित रहनेछ ।

४. प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८२/१२/२२ गते कार्यालय समयसम्म।

नोटः थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न हार्दिक अनुरोध छ ।

सूचना अधिकारीः भुवनमणि शर्मा
फोन नं. ९८५२६८५६१७ ।

वीरेन्द्र साह
डिभिजनल वन अधिकृत
अधिकृतस्तर दशौं

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, इलाम
कोशी प्रदेश, इलाम, नेपाल

काजका
२०८१।१।१८
वीरेन्द्र साह
डिभिजनल वन अधिकृत
अधिकृतस्तर दशौं

## कार्यक्रमको प्रस्ताव पेश गर्ने खाका

१। कभरपेज (प्रस्तावकको नाम/ठेगाना, समूहको दर्ता नं., PAN दर्ता नं., समूह स्थापना मिति)

२। परिचय (भुमिका, अवस्था, समस्या)

३। उद्देश्य (अल्पकालिन, दिर्घकालिन)

४। कार्यसञ्चालन विधि

क। कार्यासञ्चालन हुने स्थानको विवरण (नाम, ठेगाना, क्षेत्रफल, चारकिल्ला, जिपिएस कोड, हावापानी, माटो, मोहडा, रुख/विरुवा संख्या)

ख। कार्यसञ्चालन गर्न गरिने प्रकृया तथा जनशक्ति व्यवस्थापन

ग। प्रस्तावकको बजेट विवरणः (कम्तिमा १० प्रतिशत रकम साझेदारी हुनु पर्ने)

घ। उत्पादनको क्षेत्रफल (रोपनी):

| सि.नं. | क्रियाकलापहरु | बजेट रु | श्रोत | कार्यसम्पन्न हुने समय/मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | प्राविधिकबाट लागत अनुमान तयार हुनुपर्ने |
| | | | | | |
| | | | | | |
| | | | | | |

(नोटः कृयाकलपाहरु जस्तै रोपण गरिने क्षेत्रफल र प्रजातिको नाम/संख्या विस्तृत रुपमा उल्लेख गरिनु पर्नेछ)

५। लक्षित समूह/लाभान्वित घरधुरीको विवरण/उत्पादित वस्तुको बजारको अवस्था (पहुँच-टाडा/नजिक)

६। रोजगारी श्रृजनाको विवरण(श्रमदिनमा)/कार्यक्रमको दिगोपन तथा अपेक्षित प्रतिफल

७। कार्यक्रम संचालन तथा व्यवस्थापनमा अन्य निकायबाट सहयोग प्राप्त भएको विवरण

| सि.नं. | आ.व. | सहयोगी निकायको नाम/आफैं | कार्यको विवरण | सहयोग/खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

८। अनुभव (वर्षमा)

९। विविध